# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।३० गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी राजेन्द्र प्रसाद पाण्डेयसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी राजेन्द्र प्रसाद पाण्डेयसमेत रहेको गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी राजेन्द्र प्रसाद पाण्डेयसमेत ६ जना (राजेन्द्र प्रसाद पाण्डेय, सन्तोष कुमार यादव, नारायण ओली, मन बहादुर खत्री, लाल बहादुर के.सी. र शोभा कुमारी खत्रीसमेत भएको बिशेष अदालतको मुद्दा नं. ०७९-CR-००५९) बिशेष अदालतबाट फैसला भएको मिति २०८०/०६/१८) | सम्झौताको स्वीकृत लागत अनुमान तथा शर्त विपरीत बाटो निर्माण गरी भ्रष्टाचार गरेको। | **प्रतिवादीहरु राजेन्द्र प्रसाद पाण्डेय, सन्तोष कुमार यादव र नारायण ओलीको हकमाः**<br>मिशिल संलग्न तथा विवेचित तथ्य आधार र प्रमाणहरुबाट सम्झौताको स्वीकृत लागत अनुमान तथा शर्त विपरित बाटो निर्माण गरी गराई भ्रष्टाचारजन्य कार्य गरेको भ्रष्टाचारजन्य कसूरमा संलग्न कर्मचारी प्रतिवादीहरुमा शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, दाङका तत्कालिन कार्यालय प्रमुख डिभिजनल ईन्जिनियर राजेन्द्र प्रसाद पाण्डेय, तत्कालिन ईन्जिनियर सन्तोष कुमार यादव, तत्कालिन सब-ईन्जिनियर नारायण ओली समेतले आ.व.२०७४/०७५ मा रिखेवगर गैरी कटेरी बाघमारे दाङ्ग सडक निर्माणको लागि मिति २०७४।०९।२४ मा सडक निर्माण उपभोक्ता समितिसँग भएको सम्झौताको शर्त र स्वीकृत लागत अनुमान विपरित, भेरिएशन स्वीकृत नगरी, आफु खुशी बदनियत पुर्वक, आफुलाई सजिलो पर्ने गरी जथाभावी निर्माण कार्य गरी गराई, मुल्याङ्कन बिल, नापि किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई योजनाको स्वीकृत लागत अनुमान अर्थात् डिजाईन र नर्म्स विपरित उपभोक्ता समितिलाई बढी रु. ४३,२२,१५५।६६ (अक्षरेपी त्रिचालिस लाख बाईस हजार एक सय पचपन्न र पैसा छैसठ्ठी मात्र) **भुक्तानी दिई** नेपाल सरकारलाई हानी नोक्सानी पु-र्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) | फैसलाः<br>प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने।<br>**प्रतिवादीहरु राजेन्द्र प्रसाद पाण्डेय, सन्तोष कुमार यादव र नारायण ओलीको हकमाः** प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।०६।१८ मा फैसला हुँदा निज प्रतिवादीहरुले आफूलाई गैरकानूनी लाभ पु-र्याई नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पु-र्याउने बदनियत राखी कार्य गरेको भन्ने वस्तुनिष्ठ प्रमाणहरुबाट देखिन नआएकोले निज प्रतिवादीहरु राजेन्द्र प्रसाद पाण्डेय, सन्तोष कुमार यादव र नारायण ओली उपरको आरोपदावी पुग्न नसकि प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने फैसला भएको।<br>**प्रतिवादीहरु मन बहादुर खत्री, लाल बहादुर के.सी. र शोभा कुमारी खत्रीको हकमाः**प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।०६।१८ मा फैसला हुँदा निज प्रतिवादीहरुले आफूलाई गैरकानूनी लाभ पु-र्याई नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पु-र्याउने बदनियत राखी कार्य गरेको भन्ने वस्तुनिष्ठ प्रमाणहरुबाट देखिन नआएकोले निज प्रतिवादीहरु मन बहादुर खत्री, लाल बहादुर के.सी. र शोभा कुमारी खत्री उपरको आरोपदावी पुग्न नसकि प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भन्ने फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>प्रस्तुत मुद्दामा सम्मानित विशेष अदालत, काठमाण्डौबाट सबै प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरुः<br>क) दाबीको कानूनी व्यवस्था वमोजिमको कसुर कायम हुन राष्ट्रसेवक वा अन्य व्यक्तिले "आफू वा अरु कुनै | क) प्रस्तुत मुद्दाका सम्बन्धमा श्री शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, दाङ र श्री रिखेबगर गैरी कटेरी बाघमारे दाङ – सल्यान सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष श्री मनबहादुर खत्री बीच आयोजनाको सम्बन्धमा भएको मिति २०७४।०९।०३ मा हस्ताक्षर भएको मिशिल संलग्न सम्झौताको बुंदा नं. १० क मा उदेश्य र प्रयोजन अनुसार नै रकम खर्च गर्नु पर्ने कुरा स्पष्ट उल्लेख भएको देखिएको। सम्झौता बमोजिम भए नभएको सम्बन्धमा हेर्दा मिशिल संलग्न आयोजनाको इष्टिमेटको क्र.सं. १ मा उल्लेखित कार्यहरुको लागत अनुमान रकम रु.३८,८१,२६२।८२ भित्र रहेर खर्च गर्नु पर्नेमा वदनियतपूर्वक तथा मनासिव कारण विना नै कार्यको आकार वा रुप परिवर्तन गर्ने वा निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गर्ने गराउने र त्यस्तो निर्माण कार्यलाई शर्त तथा मापदण्ड बमोजिम भएको हो भनि प्रमाणित गरी गराई निज प्रतिवादीहरुले रु.८२,०८,३९१।९९ रकमको कार्य गरी सम्झौता विपरीत रु.४३,२७,१२९।१७ बरावरले बढि रकम खर्च गरी कलुषित मनसाय राखी वदनियतपूर्वक निर्माण कार्य गरी गराई भुक्तानी समेत लिए दिएको देकिएको। बदनियतपूर्वक गैरकानूनी तवरले भए गरेका भूक्तानीलाई अनदेखा गरी नेपाल सरकारलाई हानी नोक्सानी भएको नदेखिएको भन्ने गलत तर्क गरी निज प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले वदर भागी रहेको।<br>ख) प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादीहरुले आफुले गरेको कसुर वारदातबाट जोगिन र सजायबाट उन्मुक्ति लिन मौकामा तथा अदालत समक्ष गरेको इन्कारी बयानलाई आधारमानी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदर भागी रहेको।प्रतिवादीको बयान स्वयंमा प्रमाण नहुने हुँदा स्वतन्त्र प्रमाण विपरीतको बयानलाई प्रमाणको आधार लिई भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ग) निज प्रतिवादीहरुले आफूले मौकामा र अदालत समक्ष बयान गर्दा लागत इष्टिमेट भन्दा फरक निर्माण कार्य गरेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिमको कसूर गरेको देखिन आएकोले निजहरु उपर विगो रु. ४३,२२,१५५।६६ (अक्षेरपी त्रिचालिस लाख बाईस हजार एक सय पचपन्न र पैसा छैसट्ठी मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगो बमोजिम जरिबाना गरी बिगो असुल उपर हुन समेतको मागदावी लिइएको।<br><br>**प्रतिवादीहरु मन बहादुर खत्री, लाल बहादुर के.सी. र शोभा कुमारी खत्रीको हकमाः**<br>मिशिल संलग्न तथा विवेचित आधार प्रमाणहरुबाट उक्त उल्लेखित सम्झौताको स्वीकृत लागत अनुमान तथा शर्त विपरित बाटो निर्माण गरी गराई भ्रष्टाचारजन्य कार्य गरेको उक्त भ्रष्टाचारजन्य कसूरमा संलग्न अन्य प्रतिवादीहरुमा रिखेवगर गैरी कटेरी बाघमारे दाङ सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष मन बहादुर खत्री, सचिव लाल बहादुर के.सी. र कोषाध्यक्ष शोभा कुमारी खत्री समेतले उक्त सडक निर्माण गर्दा शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, दाङसँग मिति २०७४।०९।२४ मा गरेको सम्झौताको शर्त र स्वीकृत लागत अनुमान विपरित, भेरिएशन स्वीकृत नगराई, आफु खुशी बदनियत पुर्वक, आफुलाई जुन काम सजिलो पर्छ सो गरी, जथाभावी निर्माण कार्य गरी गराई, मुल्याङ्कन बिल, नापि किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई योजनाको स्वीकृत लागत अनुमान अर्थात डिजाईन र नर्म्स विपरित बढी रु.४३,२२,१५५।६६ (अक्षेरपी त्रिचालिस लाख बाईस हजार एक सय पचपन्न रुपैया र पैसा | व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुऱ्याउने वदनियतले काम गरेको देखिनु पर्ने, निर्माण कार्यको जम्मा लागत रकम रु.८९,१०,२५४।६६ भएकोमा जम्मा रु. ८८,९०,२३४।९३ बराबरको काम भएको भनी आरोपपत्रको पृष्ठ ६ को तालिकामा उल्लेख गरेको देखिंदा नेपाल सरकारलाई गैरकानूनी हानी वा आफूलाई लाभ पुऱ्याएको भन्ने अवस्था नदेखिएको, प्रतिवेदक भरतकुमार यादवको प्रतिवेदनको प्रकरण ५ मा आयोजनाको सम्पन्न कार्यको गुणस्तर सम्बन्धी धारणामा “हालको अवस्थामा सन्तोषजनक, ७.५१२५ मिटर चौडाइमा सडक चौडा, मोहडा सुधार, ग्रेड मिलान र नयाँ ट्र्याक खोली सडक निर्माण गरेको देखियो” भन्ने उल्लेख भएको।<br><br>ख) माटो काट्ने काम लागत इष्टिमेटमा भएको भन्दा दोब्बर भन्दा बढि भएको नापी किताब र प्रतिवेदनमा उल्लेख भएको, सडक चौडा गर्ने काम इष्टिमेट अनुसार नै भएको भन्ने देखिएको, सडक निर्माण गर्दै जाँदा सामान्य एलाइनमेन्ट परिवर्तन गर्न वा मोडहरु मिलाउन नमिल्ने भन्ने नदेखिएको, एलाइनमेन्ट परिवर्तनले सडकको गुणस्तरमा असर परेको वा कमजोर भएको भन्ने प्राविधिक प्रतिवेदनमा नदेखिएको, एलाइनमेन्ट परिवर्तनले बाटोको गुणस्तर र डिजायनमा तात्विक फरक परेको भन्ने पनि प्राविधिक प्रतिवेदनमा नदेखिएको, नभएको कामको बिल जारी गरेको अवस्था पनि नदेखिएको, सबै स्थलगत प्रतिवेदनहरुमा काम भएको भनिएको,उक्त योजनामा कामको प्रकृति फरक नभएको, डिजाइन पनि परिवर्तन नभएको, नयाँ आइटम थप पनि नभएको र सम्झौता भन्दा बढी रकमको भुक्तानी गर्नु नपर्ने हुँदा भेरिएसन नगरिएको भन्ने प्रतिवादीहरुको बयान रहेको देखिएको, एलाइनमेन्ट परिवर्तन गरी निर्माण कार्य गर्दा कुनै आइटम थप नहुने र नयाँ दररेट कायम गर्नुपर्ने अवस्था नहुँदा भेरिएसन आदेश स्वीकृत गर्नुपर्ने अवस्था नदेखिएको, | नियमानुसारको भेरिएसन आदेश सम्बन्धी कार्य नगरेको तथ्य र व्यहोरालाई स्वीकार गरेको देखिंदा देखिंदै निजहरुको उक्त कार्य वदनियत पूर्वक काम गरेको नदेखिएको भनि भएको विशेष अदालतको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको।<br><br>घ) प्रस्तुत मुद्दाका सम्बन्धमा निज प्रतिवादीहरुले सडक निर्माण उपभोक्ता समितिसँग भएको सम्झौताको शर्त र स्वीकृत लागत अनुमान विपरित, भेरिएसन आदेश स्वीकृत नगरी, आफू खुसी बदनियतपूर्वक, आफूलाई सजिलो पर्ने गरी जथाभावी निर्माण कार्य गरी गराई, मूल्याङ्कन, बिल भरपाई, नापी किताब तथा प्रतिवेदन तयार गरी गराई योजनाको स्वीकृत लागत अनुमान अर्थात् डिजाइन र नर्म्स विपरीत उपभोक्ता समितिलाई प्रस्तुत मुद्दाको आरोपपत्रको पेज नं ६ मा उल्लेख भएबमोजिमको रकम रु.४३,४७,१२९।१७ बराबरको भुक्तानी योग्य नभएको रकम अर्थात् योजनाको स्वीकृत लागत अनुमान, डिजाइन र नर्म्स बमोजिम नभएको पाइएकोले उक्त रकम बढि भुक्तानी गरी गराई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भइरहेको तथा मिति २०७५।०६।१८ मा सल्यान जिल्लाका तत्कालिन स.प्र.जि.अ. श्रीधर टण्डन समेतले दिएको निरीक्षण प्रतिवेदनमा लागत अनुमान भन्दा वास्तविक कार्य सम्पादन फरक रहेको देखिएको, Quantity Deviation धेरै भएको अवश्थामा लागत अनुमान पुनरावलोकन गर्नुपर्ने र Alignment Change गर्दा आयोजना कार्यान्वयन गर्ने निकायबाट स्वीकृती लिनुपर्नेमा सो गरेको नदेखिएको भन्ने समेतको व्यहोरालाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिनेगरी भएको सम्मानित विशेष अदालत, काठमाण्डौको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले बदर भागी रहेको।<br><br>ङ) प्रस्तुत मुद्दाका सम्बन्धमा मिति २०७८।०८।२९ गते इन्जिनियर भरत कुमार यादव समेतले पेश गरेको निरीक्षण तथा नापजाँच सहितको प्राविधिक प्रतिवेदनमा उल्लेखित आयोजनाको कूल १११३ मिटर लम्बाइका Alignment Change गरी नयाँ सडक निर्माण गरेको देखिएको, योजनामा मेसोनरी टेवा पर्खाल र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छैसठ्ठी मात्र) भुक्तानी लिई नेपाल सरकारलाई हानीनोक्सानी पु-र्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिन आएकोले निजहरु उपर विगो रु.४३,२२,१५५।६६ (अक्षरेपी त्रिचालिस लाख बाईस हजार एक सय पचपन्न र पैसा छैसठ्ठी मात्र) कायम गरी सोही दफा बमोजिम कैद सजाय वा बिगोबमोजिम जरिबाना गरी बिगोसमेत जफत हुन मागदावी लिइएको। | प्रतिवादीहरुको उक्त कार्यबाट राज्यलाई कुनै थप आर्थिक भार, हानी नोक्सानी भएको भन्ने पनि नदेखिएको।<br>ग) उक्त आयोजनामा ग्याविन जाली लगाउनु पर्ने ठाउँमा ल.ई. गरिएको भएता पनि सम्झौता भई कामगर्ने बेलामा सम्बन्धित स्थानीय तहबाटै सो सम्बन्धी काम भइसकेको हुँदा उक्त कामको सट्टा अरु मेशिनरी टेवा पर्खाल लगायत अन्य काम गरेको, सजिलो ठाउँमा उपभोक्ताले बढि काम गरेता पनि पुरै कामको नापजाँच नगरेको र अप्ठयारो ठाउँमा पनि आवश्यकता अनुसार नै काम गरेको र परिमाण नघटाएको भन्ने प्रतिवादीहरुको बयानबाट देखिएको तथा नापी किताब र स्थलगत प्रतिवेदनबाट समेत सो तथ्य पुष्टि भएको देखिएको।<br>घ) नभए नगरेको काम भए गरेको देखाई भुक्तानी लिएको अवस्था नभई फिल्डमा भएको काम अनुसार नै नापी किताब तयार भई नापी किताब र कार्य सम्पन्न प्रतिवेदन अनुसार नै भुक्तानी गरेको भन्ने स्थलगत प्रतिवेदनबाट देखिएको।<br>ङ) सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा कर्ताको व्यवहारबाट देखिनु पर्ने, व्यक्तिको कार्यबाट नै बदनियत पत्ता लाग्छ भन्ने सर्वोच्च अदालतको व्याख्याको परिप्रेक्ष्यमा दावीको कार्यमा प्रतिवादीहरुको बद्‌नियत रहे भएको नदेखिएको। | ग्याविन जाली निर्माणको काम सम्झौता अनुसार नभई माटो कटिङ गर्ने कार्यको लागत अनुमान परिमाणमा बृद्धि गरी अन्तिम बिलमा भुक्तानी दिएको देखिएको निज प्रतिवादीहरुको बदनियतपूर्ण व्यवहार र कार्यलाई उजागर गरिरहेको अवस्था समेतलाई मध्यनजर नगरी निज प्रतिवादीहरुको बदनियत रहे भएको नदेखिएको भन्ने आधारमा वस्तुनिष्ठ प्रमाणलाई अनदेखागरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले सो हदसम्म बदर भागी रहेको। |